# चन्द्रपुर नगरपालिकाको नगर उपप्रमुख श्री जयमाला कुमारी चौधरीले चन्द्रपुर नगरपालिकाको नगर सभाको १३ औ अधिवेशनमा प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम र बजेट वक्तब्य

नगरसभाका आदरणीय सभाध्यक्षज्यू, र सदस्यज्यूहरु,

चन्द्रपुर नगरपालिकाको सोच एवं जनआकांक्षा समेटिएको आगामी आर्थिक बर्ष २०८१।०८२ को नीतिलाई कार्यक्रम र बजेट, मार्फत ब्यबहारिक रुपमा कार्यान्वनमा ल्याउनको लागि नेपालको संबिधानको धारा २३० को व्यवस्था बमोजिम १३औ नगर अधिवेशन समक्ष पेश गरिरहँदा खुशी र गौरवान्वित महसुस गरेको छु ।

सर्वप्रथम यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको आजको यस परिवर्तित युगसम्म ल्याउन र देशको समग्र राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता एवं संघीयता सहितको मुलुकको संमृद्दिको भाग्य रेखा कोर्नको लागि विभिन्न समय क्रममा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सम्पूर्ण आदर्णीय शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

यस बजेटले नगरपालिकाको सामाजिक, आर्थिक , सास्कृतिक , दिगो पुर्बधार सहित बिकासमा महत्व राख्ने विश्वास लिएको छु ।

आदरणीय सभाध्यक्षज्यू,

नेपालको सविंधान, संघीय तथा मधेश प्रदेश सरकारबाट जारि ऐन नियमावली तथा स्थानीय सरकार संचालनको मार्ग दर्शन को रुपमा रहेको स्थानीय सरकार संचालन ऐन, २०७४; नगरको अर्थ विधेयक,२०८१; विनियोजन विधेयक, २०८१, संघिय सरकार , मधेश प्रदेश सरकारको आ.व. २०८१/८२ का नीति तथा कार्यक्रम , स्थानीय तह सस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि २०७७, नगरका विषयगत समितिका सुझावहरू, संघीय व्यवस्थापिका-संसद र मधेस प्रदेश सभाका माननीय सदस्यज्यूहरु, विज्ञ महानभावका सुझावहरु, दीगो विकासका लक्ष्यहरु, नगर सभाका सदस्यज्युहरुले दिनभएका सुझावहरू, संचारकर्मी, नागरिक समाज, राजनीतिक दलहरू, बिभिन्न संघ सस्था एव सरोकारवालाको सुझाब र नगरबासी दिदीबहिनी तथा दाजुभाईहरूबाट प्राप्त महत्वपूर्ण सुझाबहरुलाई समेत समेटी आ. व. २०८१/ ८२ को नीति तर्जुमा र सो को कार्यान्वन गर्न अनुमानित आय र व्यय प्रस्तुत गर्न अनुमति चाहन्छु ।

गत विगतको आर्थिक बर्षको चन्द्रपुर नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट शुसासन, विकास र समृद्धिको आधारसिला बृद्धि भई नगरपालिकाबाट हुने सेवा प्रवाहमा सुधार, सडक लगायत भौतिक पूर्वाधारहरुको दिगो विकास, गरिबी निवारण, रोजगारीको अवसर तथा नगरवासीको जीवनस्तरमा सकारात्मक प्रतिफल देखिन थालेको छ । आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माणका कार्यहरुमा तिव्रता आएको छ । तथापी आन्तरिक आय संकलन लक्ष्य अनुसार संकलन नहुनु र संघीय तथा प्रदेश सरकार बाट उपलब्ध गर्ने वित्तीय समानीकरण रकम २६ प्रतिशत कटौती हुदा नगरपालिकालाई थप आर्थिक भर थपिएको छ ।

**<u>आदरणीय सभाध्यक्षज्यू,</u>**

अब म चन्द्रपुर नगरपालिकाको समग्र विकास सम्वन्धी वस्तुस्थितिको संक्षिप्त आंकलन यहाँहरु समक्ष राख्ने अनुमति चाहान्छु । चन्द्रपुर नगरपालिकाको विकासको वर्तमान अवस्था, नगरवासीहरुको वढ्दो चाहना र अपेक्षा, उपलव्ध सिमित श्रोत साधन, कार्यालय र नगरका मौजुदा समस्या तथा चुनौतिहरु, कार्य सम्पादनको क्रममा देखिएका चुनौती तथा अवसरहरुप्रति बृहत रुपमा विश्लेषण गर्दै नगरपालिकाको दुरगामी विकास गर्नु चन्द्रपुर नगरपालिकाको आजको आवश्यकता रहेको छ ।

नगरपालिकाको समग्र विकासको क्रममा पछाडि पारिएका वर्ग तथा क्षेत्रका समुदायलाई न्यायपूर्ण र समतामूलक समाजको विकासको मूलप्रवाहमा ल्याउने, उत्पादनमूलक क्षेत्रमा लगानी वृद्दि गर्ने, रोजगारीका अवसरहरुको सृजना एवं विस्तार र विविधिकरण गर्ने, कृषि एवं पशु विकास क्षेत्रहरुको प्रवर्द्धन तथा विविधिकरण गर्ने, उत्पादनमूलक क्षेत्रहरुको व्यवसायिकरण गर्ने, आधुनिकीकरण एवं यान्त्रीकरण गर्दै सूचना, सञ्चार र प्रविधिको माध्यमबाट सुशासनमा प्रवर्द्धन गरी सार्वजनिक विकास पूर्वाधारहरुको दिगो विकास गरी सेवा र सुविधाहरुको प्रवाह गर्ने, पर्यटकीय दृष्टिले अनुपम संभावना रहेको पर्यटन क्षेत्रको विकास गरी यसवाट प्राप्त लाभ टोल, बस्ती हुँदै विपन्न वर्गसम्म पुर्याउने, नदि, ताल तथा सिमसार क्षेत्रको संरक्षण गर्दै पर्यावरणीय सन्तुलन कायम गर्ने, जलवायु परिवर्तनको नकरात्मक असरको न्यूनीकरण गर्दै अनुकुलनका कार्यक्रमहरु कार्यान्वयन गर्ने, समय सुहाउँदो भौतिक पूर्वाधारहरुको विकास र विस्तार गर्ने, सामाजिक विकास एवं पूंजीलाई संस्थागत गर्दै चन्द्रपुर नगरपालिकाले लिएको, "समृद्ध चन्द्रपुर नगरपालिका, सुखी नगरबासी" को गन्तव्यमा पुग्न " **शिक्षा, स्वाश्थ्य, कृषि, पर्यटन र पूर्वाधार : समावेशी दिगो विकास चन्द्रपुर नगरपालिकाको मूल आधार**" भन्ने दृष्टिकोणलाई चुम्न सक्ने गरी दिगो विकास गर्ने पूर्वाधार विकासका कार्यहरु गर्नु हाम्रा मुख्य चुनौतिहरु रहेका छन् ।

**<u>आदरणीय सभाध्यक्षज्यू,</u>**

प्रस्तुत चुनौतीका वावजुद पनि नगरपालिकाको समग्र विकास र समृद्दि गर्न कायम रहेको जनप्रतिनिधिहरुको उच्चस्तरको अठोट, समन्वय एवं संतुलित एकता, पर्यटकीय आकर्षणका धरोहरका रुपमा रहेका नुन्थर पर्यटकीय स्थल, गोल्मे राजा बौद्ध बिहार, पौराई ब्रम्हस्थान, निजानन्द धाम, शहिद स्मृति पार्क , डावरी, कोटीहोम, मरधर सिमसार, चन्द्रपुर झर्ना, तिलेश्वोर नाथ महादेव पर्यटकीय स्थल, कालापानी पिकनिक स्पोट, महादेव डांडा पर्यटकीय स्थल समेतका प्रचुर जैविक विविधता एवं पर्यटकीय उपस्थिति, शैक्षिक एवं स्वास्थ्य सम्वन्धी सूचकहरुको दृष्टिले रौतहट जिल्लामा रहेका अन्य स्थानीय तहहरु भन्दा चन्द्रपुर नगरपालिका अग्रपंङ्तीमा रहेको छ। शिक्षा स्वास्थ्य सहितका मानव विकास एवं आर्थिक सूचकांकहरुमा चन्द्रपुर नगरपालिकाको वढ्दोस्तर, आकर्षणयुक्त बसाइसराई, फैलदो सडक सञ्जाल, सक्रिय एवं विकासप्रेमी नागरिक समाज र वस्ती, निजी क्षेत्र एवं गैरसरकारी क्षेत्रको प्रचुर विकास र सहयात्रा यस नगरपालिकाका विकासका थप अवसर एवं पूंजीको रुपमा रहेका छन् ।

नगर उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिलाई प्रभावकारी रुपमा परिचालन गरिएको छ, नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा देखिएका कमि कमजोरीहरुको वारेमा समयमा नै नगरपालिकालाई जानकारी गराउन सञ्चार क्षेत्रलाई परिचालन गरिएको छ। साझा सवालका

विषयहरुमा यस नगरपालिकामा रहेका संघीय सरकार र प्रदेश सरकारका निकायहरुसँग समन्वय गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ ।

**आदरणीय सभाध्यक्षज्यू,**

नगरपालिकाको विकास सम्वन्धी अवस्थाको संक्षिप्त सिंहावलोकनपछि अव म चन्द्रपुर नगरपालिकाको गत आर्थिक वर्ष २०७९/०८० को यथार्थ आय-व्यय एवं प्रमुख उपलव्धीहरुको समष्टिगत समिक्षात्मक विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

संघीय सरकारबाट वित्तीय समानीकरण तथा राजश्व बाँडफाँड तथा अन्य सबै श्रोत बाट रु.१ अर्ब १२ करोड ७० लाख ५३ हजार रुपैयाँ जम्मा आम्दानी भएकोमा गत आ. व. मा जम्मा रु. १ अर्ब २ करोड ३ लाख रुपैयाँ खर्च भएको छ । बाँकि रकम विभिन्न दायित्व तथा कोषहरु मार्फत चालु आर्थिक वर्षमा जिम्मेवारी सारिएको छ ।

चालु आर्थिक वर्षमा नगरपालिका क्षेत्रभित्र चन्द्रपुर नगर कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन भएका विभिन्न योजना/आयोजना मार्फत २.५ कि.मी. सडक कालोपत्रे (Blacktop) गरिएको छ, ५ कि.मी. सडक ग्राभेल गरिएको छ, २ कि.मी. सडक नयाँ ट्र्याक खोलिएको छ, १० कि.मी. सडकको स्तरोन्नती गरिएको छ, बिभिन्न सामुदायीक विद्यालयक १७ वटा भवनहरु निर्माण गर्ने कार्य सम्पन्न भएका छन् ।वैदेशिक रोजगार सम्बन्धी पुन-श्रम स्विकृति लिने हाल सम्म १४ जनालाई प्रदान गरिएको छ। चादीखोलामा बिधुतिय चर्जिंगस्टेसन संचालनमा ल्याइएको छ, नगर अस्पतालको भवन निर्माणको लागि बिशेस अनुदनबाट श्रोत सुनिस्चित भइ ठेक्काब्यबस्थापन कार्य अन्तिम चरणमा पुगेको छ, आधुनिक खाद्य भण्डारको निर्माण अन्तिम चरणमा पुगेको छ यसै गरी सो आर्थिक वर्षमा लक्षित वर्गहरुको उत्थान, सचेतना क्षमता वृद्दि, आय आर्जन, सामाजिक परिचालन, जिविकोपार्जन र प्रवर्द्दनात्मक कार्यक्रमहरु सम्पन्न भई लक्षित वर्गको सम्मान, पूंजी निर्माण र आर्थिक टेवा पुर्याउन सक्ने योगदानमा वढोत्तरी गर्ने कार्यक्रमहरु सम्पन्न भएका छन् ।

**आदरणीय सभाध्यक्षज्यू,**

अव म चालु आर्थिक वर्ष २०८०/०८१ को वजेट कार्यन्वयनको जेष्ठ महिनासम्मको यथार्थ र आषाढ मसान्तसम्मको संशोधित अवस्था प्रस्तुत गर्ने अनुमति चाहान्छु ।
चालु आ. व. २०८०/०८१ मा जम्मा रु. १ अर्ब २५ करोड ५१ लाख आय व्यय प्रस्ताव भएकोमा २०८१ जेष्ठ मसान्तसम्मा चालु तर्फ ३८ करोड ९९ लाख ४४ हजार र पुँजीगत तर्फ रु. २१ करोड ५ लाख २१ हजार गरी जम्मा रु. ६० करोड ४ लाख ६६ हजार रुपैयाँ खर्च भएको छ जुन हालसम्म ५५ प्रतिशत प्रगति हासिल गरेको छ ।

**आदरणीय सभाध्यक्षज्यू,**

अव म नगरपालिकाको समग्र विकासका लागि आगामी आर्थिक वर्ष २०८१/०८२ को प्रस्तावित वजेट, नीति तथा कार्यक्रम, नगरपालिकाको दिर्घकालीन सोंच, नगरपालिकाको विकासका प्राथमिकताहरु, योजना तर्जुमाका आधारहरु र नगरपालिकाका समग्र नीतिहरुको सार संक्षेप यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## दिर्घकालीन सोंच :

चन्द्रपुर नगरपालिकाको, "समृद्ध चन्द्रपुर नगरपालिका, स्वस्थ्य र सुखी नगरवासी" मूल ध्येयले परिकल्पना गरेको "**शिक्षा, स्वाश्थ्य, कृषि, पर्यटन र पूर्वाधार : समावेशी दिगो विकास, चन्द्रपुर नगरपालिकाको मूल आधार**" भन्ने विकास र सम्बृद्धि प्रतिको सोंच नै यस वजेट, नीति तथा कार्यक्रमहरुको दिर्घकालीन सोंच रहनेछ। यसको लागि सम्पूर्ण नगरवासीहरुलाई नगर विकास तथा समृद्धिको मूल मार्गमा समाहित गर्दै अगाडि बढ्नु चन्द्रपुर नगरपालिकाको आजको मूल आवश्यकता रहेको छ ।

## उद्देश्य :

आर्थिक-सामाजिक रुपान्तरण सहित न्यायपूर्ण, समता एवं समृद्दिमूलक चन्द्रपुर नगरपालिकाको निर्माणको दिगो विकासमा टेवा पुर्याउनु यस वजेट, नीति तथा कार्यक्रमको मुख्य उद्देश्य हुनेछ ।

## प्राथमिकताका क्षेत्रहरु :

शिक्षा, स्वास्थ्य सम्वन्धी सूचकहरुमा सुधार, सहकारी तथा निजी क्षेत्रको भूमिकामा गुणात्मक सुधार, सूचना तथा प्रविधिको विकास, स्थानीय भौतिक पूर्वाधारहरुको निर्माण, कृषि, पशु, वन तथा वातावरण र पर्यटन क्षेत्रको विकास, मानवीय सूचकहरुको विकास र लैङगीकतामा आधारित न्यायपूर्ण र समतामूलक विकास नै नगर विकास योजनाको प्रमुख प्राथमिकताका क्षेत्रहरु रहने छन् ।

## योजना तथा कार्यक्रम तर्जुमा छनौटका आधार एवं मार्गदर्शनहरु :

नेपालको संबिधान, २०७२ का राज्यका निर्देशक सिद्दान्त, नीति र दायित्व समेतका संवैधानिक प्रावधानहरु, संघीय र प्रदेश सरकारको चालु आवधिक योजना, राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त नीतिगत मार्गनिर्देशनहरु, संघीय सरकारबाट प्राप्त वजेट सिलिङ्ग, संघीय सरकारवाट समय समयमा प्राप्त नीतिगत निर्देशनहरु, मधेस सरकारबाट प्राप्त नीतिगत मार्गनिर्देशनहरु र प्राप्त वजेट सिलिङ, मधेस सरकारबाट समय समयमा प्राप्त नीतिगत निर्देशनहरु, स्रोत अनुमान तथा बजेट सिलिङ्ग समिति, राजश्व परामर्श समिति, वडासभा, बिषयगत समितिहरु, नगर कार्यपालिकाका सदस्यज्यूहरुबाट प्राप्त सुझावहरु, चन्द्रपुर नगर सभाका सदस्यज्यूहरुबाट प्राप्त सुझावहरु, राजनैतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र समेतका नगर विकासका सरोकारवालाहरुवाट प्राप्त सुझावहरु, स्थानीय सरकार सञ्चालन ऐन, गत विगतका नगर सभाहरुवाट प्राप्त पृष्ठपोषणलाई यो नगरपालिकाको विकास योजना तर्जुमा गर्दा मार्गदर्शनको रुपमा अवलम्वन गरिएको व्यहोरा अनुरोध गर्दछु ।

## आदर्णीय सभाध्यक्षज्यू,

अव म आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि नगरपालिकाका प्रमुख क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक विकास नीति :

## सहकारी तथा उद्दम विकास तर्फ

- दुग्ध उत्पादक सहकारी संस्था मार्फत दुग्धजन्य परिकार उत्पादन गरी बजार बिस्तार गर्ने कृषक हरुलाई प्रति लिटर रु १ अनुदान दिने व्यवस्था मिलाएको छ ।
- सहकारी मार्फत उद्यमशीलताको बिकास गर्न, युवा तथा उद्यमीहरूलाई नवीन व्यवसाय शुरु गर्न आवश्यक क्षमता विकास, प्रविधि हस्तान्तरण, वित्तीय पहुँच सहजीकरण, सहकारी शिक्षा र तालिम मार्फत सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि लगायतको नीति कार्यान्वयन गर्न आबश्यक रकम बिनियोजन गरिएको छ।

## कृषि तथा पशुविकास

- कृषि क्षेत्रको आधुनिकीकरण लागि कृषिमा यान्त्रिकीरण कार्यक्रमलाई निरन्तरता, कृषकहरूको क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरणका तालिमहरु संचालन, कृषकहरूलाई अनुदानमा कृषि यन्त्र उपकरण उपलव्ध गराउने, खाद्यान्न बिउ उत्पादन गर्ने, कृषकलाई उत्पादन परिमाणको आधारमा अनुदान दिने लगायतका कृषि सम्बन्धी नीति कार्यान्वयन गर्नको लागि रकम विनियोजन गरिएको छ ।
- कृषि उत्पादन बढाउनको लागि माटो परिक्षण गर्न बस्ति स्तरमा माटो परिक्षण सिबिर नियमित रुपमा संचालन गरिनेछ ।
- पशुपन्छी तथा माछामा लाग्ने रोगहरूको रोग निरोधात्मक, प्रतिरोधात्मक र उपचारात्मक सेवाहरू प्रदान, पशुपालन गर्ने कृषकहरूको लागि काउम्याट वितरण कार्यक्रम कार्यान्वयनलाई निरन्तरता, पशु बीमा कार्यक्रम सञ्चालन, मत्स्यफर्महरूमा प्रयोग हुने विद्युत् महसुलमा पचास प्रतिशत अनुदान, आर्थिक अवस्था कमजोर भएका र रोजगारी नभएका विपन्न परिवारहरूको जिविकोपार्जनका लागि निर्वाहमुखी पशुपन्छीपालन कार्यक्रम कार्यान्वयनलाई निरन्तरता लगायत पशुविकास कार्यक्रम कार्यान्वयन गर्न बजेट विनियोजन गरिएको छ।
- नगरका सबै वडाहरुमा पशु रोग नियन्त्रणको लागि भ्यागुते/चरचरे, खोरेत, लम्पी स्कीन रोग, पि.पि.आर, स्वाईन फिवर, रेविज भ्यासिन संन्चालन गरिनेछ ।
- वडाहरुमा संन्चालीत पशु सेवा केन्द्रहरु बाट कृषकहरुलाई पशुपालन व्यवसायमा सहज र आयमुलक हुनको लागि थप उपचार रोग निदान र खोप सेवा लाई अझ बढी प्रभावकारी रुपले संन्चालन गरिनेछ ।
- नगरको पशु सेवा शाखा बाट अगामी आ.व २०८१/०८२ देखी पशु रोग निदान तथा पहीचानको लागि Veterinary Lab सेवा तर्फ CMT Test, Blood Test, Skin Scraping, Feacal र Urine Test जस्ता सेवा कृषक हरुलाई सहज तरीकाले संन्चालन गरिनेछ ।
- पशु पोषणको लागि पोषिलो घाँस खेतीमा अग्रसर गराई पशुपालन लागत घटाउन विभिन्न किसीमको उन्नत घाँसको विऊ वितरण गर्ने कार्यकम गरिनेछ ।

- कृत्रिम गर्भाधाण सेवा,केन्द्रहरुबाट उन्नत नश्लका गाई/भैंसीहरुको लागि जर्सि, होलिष्टेन, हरीयाना, मुर्रा नश्लको नश्ल सुधार गरी दुध उत्पादन वृद्धि गर्नको लागि कृषकहरुलाई सहज तरीकाले कृत्रिम गर्भाधान सेवा पुरयाईने छ। पशु सुत्केरी भत्ताको लागि बापत प्रति गाइ वा भैसी को लागि रु १००० अनुदान प्रदान गर्न बजेट बिनियोजन गरेको छु
- नगरका वडाहरुमा कृषहलाई पशु सेवाको पहुच पुग्न नसक्ने स्थानमा निःशुल्क पशु स्वास्थ्य शिविरहरु संन्चालन गरी सेवा पुरयाईने छ।
- विभिन्न पशुपालन व्यवसायीक कृषकहरुलाई पशुपालन व्यवसाय लाई अझ बढी प्रभावकारी पुरयाउनको लागि ज्ञान र सिप विकाशको लागि आधुनीक पशुपालन सम्वन्धीत तालीमहरु गराईनेछ।
- पशु पालन व्यवसाय लाई व्यवसायी करण गर्नको लागि विभिन्न संघ सस्था पशु सेवा विज्ञ केन्द्रहरु बाट समन्वय कारी भुमीका अपानाई अनुदान मुखी कार्यक्रम तर्फ पहल गरिने छ।

## रोजगार सेवा केन्द्रको नीति तथा कार्यक्रम

- नमुना रोजगार सेवा संचालन ,सरोकारवालाहरुसँग अन्तरक्रिया ,अभिमुखीकरण , रोजगार सेवाको नक्सांकन तथा अभिलेख व्यवस्थापन गरिनेछ।
- कार्यस्थलमा आधारित जिवन उपयोगी सीप तथा क्षमता विकास तालिम मार्फत श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी कार्यक्रम गरिनेछ।
- स्थानीय तहको रोजगार रणनीती तर्जुमा, अध्यावधिक र कार्यान्वयन तथा आन्तरीक रोजगारी प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम , रोजगार संवाद मंचको सञ्चालन तथा रोजगार मेला संचालन गरिनेछ।
- वैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको तथ्याङ्क संकलन तथा प्रोफाइल तयार गरी सीपमा आधारित इवजागारी र क्षमता विकासका कार्यक्रम सञ्चालन गरी विदेशमा सिकेका सीपको सही सदुपयोग तथा रिटर्नीहरुलाई सामाजिक पुनः एकीकरण कार्यक्रम मार्फत उद्यमी बनाईने छ।

## सामी परियोजनाको नीति तथा कार्यक्रम

- वैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई गहन अभिमुखीकरण कार्यक्रम तथा वैदेशिक रोजगारीमा गई सीप तथा अनुभव हासिल गरेका युवाहरुलाई रिटर्नी स्वयम् सेवकका रुपमा परिचालन गरिने छ।
- वित्तीय साक्षरता , मनोसामाजिक परामर्श सेवा कार्यक्रम संचालन गर्न आबश्यक बजेट व्यवस्था गरेको छु
- सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी सूचना सामग्री उत्पादन, प्रशारण तथा प्रकाशन गरिने छ।
- सरोकारवालहरुसँगको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम (प्रहरी, पत्रकार, स्थानीय जनप्रतिनिधि, समुदायका अगुवाहरुलाई आप्रवासनको असर तथा प्रभाव, कामदाररलाई सामाजिक बहिस्करण प्रभाव न्यूनीकरण) कार्यक्रम सञ्चालन गरिने छ।

## पर्यटन तथा उद्योग वाणिज्य

- पर्यटन प्रवर्द्धन कार्यक्रम, नगरपालिकाले पहिचान गरेका १५ वटा प्रमुख पर्यटकीय गन्तव्यहरूको प्रवर्धन तथा विकास, पर्यटन सूचना नक्सा तयार गरी कार्यान्वयनमा ल्याउने, पर्यटन क्षेत्रको विकास र विस्तारको

लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गुरुयोजना तर्जुमा लगायतको पर्यटन तथा उद्योग बाणिज्य सम्बन्धि नीति कार्यान्वयन गर्नको लागि बजेट विनियोजन गरिएको छ ।

<u>भौतिक पूर्वाधार विकास नीति</u> :

- चालु आ.व. मा निर्माण सम्पन्न हुन नसकेका तथा भुक्तानी बाँकीमा रहेका र क्रमागत एवम् बहुवर्षीय ठेक्का भएका योजनाहरु आगामी आ.ब.मा सम्पन्न गर्नको लागि बजेट विनियोजन गरि आयोजना तथा कार्यक्रम निरन्तरता दिने व्यवस्था मिलाएको छ।
- हरेक वडाको समानुपातिक विकासका निम्ति सम्बन्धित वडास्तरबाट नै कार्यक्रम कार्यान्वयन हुने व्यवस्था मिलाइने छ । यसरी कार्यान्वय हुने योजनाहरुको लागि प्रत्येक वडाका लागि रु १ करोडको दरले प्रस्ताव गरिएको छ ।
- सडक तथा यातायत क्षेत्रको विकासमा वडा कार्यालयहरुबाट राजमार्ग जोडिएका सडकहरु, वडा कार्यालयबाट नगरपालिका जोडने सडकहरु, अन्तर वडा कार्यालयहरु जोड्ने सडकहरु साथै अन्तर जिल्ला जोडने , धार्मिक तथा पर्यटकीय क्षेत्रको पहूच सडकहरु, नयाँ तथा पुराना बस्ती जोड्ने अन्तर आधार सडक तथा पुल निर्माणलाई पूर्णता दिनेगरी कार्य गर्न आगामी आर्थिक बर्षमा समेत उच्च प्राथमिकतामा राखिएको छ ।
- सडक पूर्वाधार निर्माण र विकासमा नेपाल सरकार तथा मधेस प्रदेश सरकारका विषयगत मन्त्रालयहरु सँग बजेट बिनियोजन तथा लगानीमा सहकार्य, साझेदारी तथा समन्वय कायम गर्ने नीति लिएको छ ।
- बढ्दो बस्ती तथा सवारी साधनको चापलाई व्यवस्थित गर्न नगर क्षेत्रमा भएका खुला क्षेत्रहरुको पहिचान गरी सःशुल्क तथा निशुल्क पार्किङ्गको व्यवस्था गरिनेछ । सवारी चापलाई ब्यबस्थित गर्दै पार्किङ्गको उचित व्यवस्थापनका लागि सामुदायिक, सहकारी तथा निजि क्षेत्र सँग सहकार्य गर्ने नीति लिईनेछ ।
- सार्वजनिक, पर्ती तथा नदी उकासको क्षेत्र पहिचान गरी यस्ता भू- क्षेत्रमा बहुउपयोगी खुला क्षेत्रहरुको निर्माण, विकास र व्यवस्थापन गर्ने नीति लिइनेछ । उपयोगहिन अवस्थामा रहेका सार्वजनिक पर्ती जग्गाहरुको पहिचान गरी यस्ता क्षेत्रहरुमा नगरपालिकाले कार्यविधि निर्माण गरी लिजमा सरकारी कार्यलयहरु , सरकारी अस्पताल, सिटी हल , सवारी जाँचपास (ट्रायल सेन्टर) जस्ता पूर्वाधार विकासमा सरकारी, सहकारी , सार्वजनिक निजी साझेदारीमा नगर कार्यपालिकाको बैठकको निर्णयबाट कार्य गर्न सक्ने कार्यगत व्यवस्था मिलाइनेछ ।
- नगरपालिकाको पूर्व स्वीकृत विना जग्गा खण्डीकरण गर्दै बनाइएका घडेरी क्षेत्रमा नगरपालिकाबाट कुनै पनि प्रकारको भौतिक संरचना निर्माणको लागि अस्थाई वा स्थाई स्वीकृती प्रदान गरिने छैंन ।
- नगर क्षेत्रमा नगरपालिकाको पूर्व स्वीकृत विना घर टहरा लगायतका भौतिक पूर्वाधार निर्माण गर्ने गरेको पाइएको छ यसरी विना स्वीकृत निर्माण गर्दा मापदण्ड विपरीत र भवन संहिताको समेत पालना नहुने अवस्था आउन सक्दछ । यसर्थ नगरपालिकाको स्वीकृति विना घर टहरा लगाएतका भौतिक संरचना निर्माण भएको देखिना साथ वडा कार्यालयबाट त्यस्तो निमार्ण कार्य रोक्का राख्न पत्रचार गर्ने नीतिगत व्यवस्था अवलम्वन गरिनेछ ।
- आगामी आर्थिक बर्षमा यस नगरपालिकाका जग्गा को स्वामित्व , भोग र नक्शा नमिल्दा नक्शा पास गर्न समस्या भएको हुदा हालसाबी कायम गर्न अन्य निकाय संग समन्वय गरि कार्य गर्न आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।
- भू उपयोग बर्गिकरण गर्न, नगर यातायात गुरु योजना तयार गर्न आबश्यक रकम बिनियोजन गरेको छु
- नगरपालिकाका ठुला तथा रणनीतिक महत्वका पूर्वाधार निर्माण गर्न एवम् संघीय र मधेस प्रदेश सकारबाट प्रस्ताव भएका समपूरक र विशेष अनुदान अन्तर्गतका योजनाहरुको कार्यान्वयन गर्नको लागि समपुरक

साझेदारी कोष स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ जसको लागि रु ५ करोड बजेट विनियोजन गरिएको छ।

## सामाजिक विकास नीति :

- समाजमा पछाडि पारिएका वर्गलाई नगरपालिकाको मूल प्रवाहमा ल्याउनको लागि निश्चित संख्यामा दलित, आदिवासी लगाएत आर्थिक रुपमा पछाडी परेका समुदायका विद्यार्थीहरुलाई प्राविधिक शिक्षा उपलब्ध गराउने गरी कार्यक्रम अगाडि वढाईनेछ । साथै नगर क्षेत्रमा रहेका विपन्न दलित विद्यार्थीहरुलाई उच्च शिक्षा छात्रवृतिको व्यवस्था गरिनेछ ।
- चन्द्रपुर नगर क्षेत्रभित्रको शवहरुको दहन गर्ने कार्यलाई व्यवस्थित गर्नको लागि आगामी आर्थिक बर्षमा शवदहन गर्ने गृह निर्माण गर्न आवश्यक बजेट बिनियोजन गरेको छु ।
- उपभोक्ता हित संरक्षण र बजार अनुगमन खाध्य गुणस्तर मापन ब्यबस्थापन गर्ने नीति लिइनेछ ।
- महिलाहरुको क्षमता विकास गरि आर्थिक अबसरमा पहुच पुर्याउन वाडागत रुपमा ड्राईभिंग तालिम, नेतृत्व विकास तालिम लगायत सिप मुलक तालिम संचालन गरिनेछ
- एकल महिला आत्म निर्भर कार्यक्रम मार्फत सिपमुलक तालिम संचालन गरि रोजगारी सिर्जना गरिने छ
- महिला हरुलाई प्रौढ शिक्षा मार्फत वित्तीय साक्षरता कार्यक्रम संचालान गरिनेछ
- आगामी आर्थिक बर्षको सामाजिक विकास सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

## स्वास्थ्य सम्वन्धी नीति :

- यस नगरपालिका भित्र संचालनमा रहेको सरकारी, निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरुको व्यवस्थापनको लागि आवश्यता बमोजिम स्वास्थ्य संस्था दर्ता, नविकरण, नियमन, अनुगमन तथा आवश्यक कार्यको लागी संघिय स्वास्थ्य र नगरपालिका स्तरको स्वास्थ्य सेवा ऐन तथा कार्यबिधिलाई अधार बनाई लागु गरिने छ ।
- प्रत्येक वडामा स्वास्थ्य संस्था राख्ने राष्ट्रिय नीति अनुरुप आ.व. २०८१/८२ मा वडा नं. र १० मा आधारभुत स्वास्थ्य सेवा पु-र्याउने उद्देश्यले आधारभुत स्वास्थ्य संस्था स्थपना तथा वडा नं. ३,७ र ९ मा भएको समूदायिक शहरी स्वास्थ्य क्लीनिकहरु लाई निरन्तरता दिई आधारभुत स्वास्थ्य संस्थामा परिणत गर्न चाँहिने आवश्यक पूर्वाधारको लागि पैरवी गरिने छ ।

### सरुवा एवं महामारी रोग नियन्त्रण :

- COVID-19 लगायत अन्य महामारी गराउन सक्ने रोगहरु तथा अन्य स्वास्थ्य समस्याहरुको प्रभावकारी व्यवस्थापन गर्ने उद्देश्यले जगेडा फण्डको स्थपना गर्नुको साथै नगर स्तरीय RRT ( Rapid Respnse Team) समूहलाई सक्रिय बनाई आवश्यकता बमोजिम परिचालन गरिने छ ।
- औलो, कालाजार तथा डेगुं रोग नियन्त्रणका लागि आवश्यक जनचेतना मूलक कार्यक्रम संचालन गर्नुको साथै माथिल्लो निकाय संग समन्बय गरि निर्देशिका बमोजिम औषधी छर्कने कार्यक्रम, औषधी उपचार तथा प्रेशणको व्यवस्थापन समेत गरिने नीति आवलम्बन गरिने छ ।
- बौलाहा कुकुरले टोकेको भ्याक्सिन तथा सर्पदंशको औषधी आपूर्तिमा निरन्तरता दिई नियमित रुपमा सेवा प्रदान गरिने छ ।

- जनस्वास्थ्य समस्यकाको रुपमा रहेको क्षयरोगलाई नेपाल सरकारले सन २०३० सम्म क्षयरोग अन्तय गर्ने लक्ष्य रहेको हुनाले क्षयरोग मुक्त अभियान सफल पार्ने उदेश्यले पालिका स्तर बाट उक्त अभियानमा सहयोग हुने समुदाय लक्षित तथा क्षयरोग बिरामी लक्षित कार्यक्रम ( निदान तथा उपचार) संचालन गरिने छ ।
- कुष्ठरोगका बिरामीहरुलाई खोज्ने उद्देश्यले कुष्ठरोग विरामीको पारिवारिक तथा छिमेकी सर्म्पक परिक्षण कार्यक्रम संचालन गरिने छ ।
- अपागं बाल अस्पताल तथा पुर्नस्थपना केन्द्र बनेपाको सहयोगमा शारिरीक आपांगता भएका बालबालिकाहरुको शिविर मार्फत उपचार, उपकरण, शल्यक्रिया सहायक समाग्री बितरण व्यवस्थापन गरिने नीति आवलम्बन गरिने छ ।
- महामारी लगायत सरुवा रोग तथा अन्य स्वास्थ्य सम्बन्धि समस्याहरुको रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यले विधालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिने छ ।
- लागु पदार्थ दुर्ब्यसनी रोकथामको लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

**मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा :**

- मातृ तथा नवजात शिशु कार्यक्रमलाई निरन्तरता दिई परिवार नियोजन लगायत सुरक्षित गर्भपतन सेवा कार्यक्रमलाई सुब्यवस्थित ढगले संचालन गरिने छ ।
- नगरपालिका अन्तर्गतका सम्पूर्ण गर्भवती महिलाहरुको एकिन गरी लगत लिने तथा घर पहिचान गर्ने नीति आवलम्बन गरिने छ ।
- नगरपालिका अन्तर्गत रहेको स्वास्थ्य संस्थाहरु द्धारा गर्भवती तथा सुत्केरी महिलाहरुलाई नियमिति सेवा प्रदान गरी क्रमशः वडाहरुलाई पूर्ण ANC, PNC तथा घरमा शून्य प्रसुती गराउने वडा र पालिका सुनिश्चित गरिने छ ।
- गर्भवती, सुत्केरी महिला तथा बालबालिकाहरुलाई कुपोषणबाट बचाँउने उद्देश्यले चन्द्रनिगाहपुर अस्पतालमा स्थपना भएको OTC Center पुनः सुचारु गर्ने, स्वास्थ्य चौकी म. डुमरिया, र स्वास्थ्य चौकी पौराईमा OTC Center बिस्तार गरी नयमित लेखाजोखाँ, उपचार तथा ब्यवस्थापन गर्ने नीति आवलम्बन गरिने छ ।
- नगरपालिकाको सबै गर्भवती महिलाहरुलाई सेवा प्रदान गर्न उद्देश्यले ग्रामिण Ulta-sound चेकजाँच कार्यक्रम लागु गरिने छ ।
- किशोर किशोरी मैत्री स्वास्थ्य संस्थाहरु सुद्धिकरण गरी सेवा प्रवाह गर्नुको साथै सबै स्वास्थ्य संस्थाहरुलाई क्रमिक रुपमा किशोर किशोरी मैत्री स्वास्थ्य संस्थामा परिनत गर्ने नीति आवलम्बन गरिने छ ।
- यस नगरपालिका अन्तर्गतका वडा नं. १ देीख १० सम्म रहेका प्रजनन उमेरका र उमेर ढल्केका महिलाहरुलाई लक्षित गरी स्तन र पाठेघरको मुखको क्यान्सर तथा आङ खस्ने समस्याको समयमै पहिचान तथा उचित ब्यवस्थापन गर्न सबै वडामा शिविर संचालन गर्ने गरिने छ ।
- पूर्ण खोपको सुनिश्चितता एवं दिगोपन सम्बन्धि कार्यक्रमको निरन्तरता दिईने छ ।
- पालिका अन्तर्गत संचालन रहेको ३ वटा बर्थिगं सेन्टरहरु म. डुमरिया, सन्तपुर र पौराईलाई सुद्धिकरण गर्न आवश्यक औजार उपकरण, औषधी, सर्जिकल सामाग्री तथा आधारभुत पूर्वाधारको ब्यवस्थापन गरी नियमित, गुणस्तरयि सेवा प्रदान कार्यको निति आवलम्बन गरिने छ ।
- मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा कार्यक्रमहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण गरिने छ ।

- पालिका अन्तर्गत संचालित सबै स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने promotive, Preventive, Curative तथा Rehabilitative स्वास्थ्य सेवाहरुलाई प्रवाभकारी तथा गुणस्तरीय गर्न, न्युतम सेवा मापदण्ड कार्यन्वयनका लागि आवश्यक औजार ,उपकरण तथा स्वास्थ्य सामाग्री खरिद, मर्मत तथा व्यवस्थापन गर्ने र नेपाल सरकार द्धारा स्वीकृत औषधीको आपुर्ति नियमित रुपमा आपूर्ति गरिने व्यवस्था मिलाईने छ ।

**महिला स्वास्थ्य स्यंम सेविका कार्यक्रम :**

- महिला स्वास्थ्य स्यंम सेविकाहरुको सेवालाई उच्च सम्मान गर्दै मनोबल उच्च राख्न र महंगी बृद्धिलाई मध्यनजर गरी प्रदान गर्दै आएको सेवा सुबिधामा बृद्धि गरी प्रभावकारी रुपमा महिला स्वास्थ्य कार्यक्रमको निरन्तरता दिईने छ ।
- महिला स्वास्थ्य स्यंम सेविकाहरुले मासिक रुपमा संचालन गर्दै आएको आमा समूहहरुको बैठक नियमित तथा प्रभावकारी बनाउन कम्तिमा खाजा बापतको रकम छुट्याई आमा समूहहरुको बैठकलाई सुद्धिकरण गरिने छ ।
- महिला स्वास्थ्य स्यंम सेविकाहरुको नियमित सेवा प्रवाहको लागि चाहिने आवश्यक सहयोगी समाग्रीहरु बर्षिक रुपमा झोला १ थान, छाता १थान र टर्च लाईट १ थान उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।
- प्रभावकारी स्वास्थ्य सेवामा टेवा पुग्ने उदेश्यले महिला स्वास्थ्य स्यमं सेविका तथा स्वास्थ्य पेशाकर्मीहरुलाई स्वास्थ्य भ्रमणको व्यवस्था मिलाउने निति आवलम्बन गरिने छ ।
- पालिका अन्तर्गत संचालित सबै स्वास्थ्य संस्थाहरुको स्वास्थ्य संस्था व्यवस्थापन संचालन समिति ( HFMOC) का पदाधिकारीहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ । यसको साथै कम्तिमा ३/३ महिनामा १ पटक बैठक बसी स्वास्थ्य संस्थाको गतिबिधि तथा सेवाहरुको बारेमा छलफल गरी आवश्यक कार्ययोजना बनाई कार्यक्रम लागु गरिने छ ।
- पालिका अन्तर्गत संचालित सबै स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवाहरुको नियमित र प्रभावकारी रुपले अभिलेख तथा प्रतिवेदनका उद्देश्यले अभिलेख तथा प्रतिवेदनका फारम, फरमेट छपाई गरि आपूर्ति व्यवस्थापन नियमित गरिने छ ।
- . अभिलेख तथा प्रतिवेदन सुद्धिकरणका उद्देश्यले पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु बीच Cross Validation Programme संचालन गरिने छ ।
- पालिकाको स्वास्थ्य सेवा र कार्यक्रमको प्रभावकारी कार्यान्बयन तथा अपेक्षित लक्ष्य हासिल गर्ने उद्देश्यले स्वास्थ्य संस्था तथा पालिकाको तहमा मासिक बैठक र चौमासिक समिक्षाको व्यवस्था गरिने छ ।
- पालिका सबै स्वास्थ्यकर्मीहरुलाई क्षमता अभिबृद्धि गर्ने उद्देश्यले समय अनुकुल तालिम , अभिमुखिकरण ,रिफ्रेसर , Clinical Update जस्ता कियाकलापहरु संचालन गरिने छ ।
- निःशुल्क आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवा नियमित प्रदानकोको लागि चाहिने आवश्यक औजार उपकरण,औषधी खरिद तथा सर्जिकल सामग्री संघिय सशर्त बजेटमा छुट्याएको रकमकाट १२ महिनाको लागि प्रयाप्त नरहेकोले नगरपालिकाबाट थप आवश्यक बजेटको व्यवस्थापन गरी १२ महिना सम्म नियमित, गुणस्तरीय र प्रभावकारी सेवा प्रदान गर्ने नीति आवलम्बन गरिने छ ।
- नगरपालिकाको वडा नं. १ देखि १० वडाहरुमा नेपाल सरकार तथा यस नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको बारेमा सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा नागरिक वडापत्र राख्ने तथा बस्ती बस्तीमा स्वास्थ्य सेवा सम्बन्धि जनचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।

- जेष्ठ नागरिक, अशक्त अपागं, दिर्घरोगी तथा पिछिडिइको वर्गहरुलाई लक्षित गरी चिकित्सकको पूर्जीमा लेखिएका निःशुल्क बाहेकका औषधीहरु नियमित सेवनको लागि उक्त व्यक्तिहरुको एकिन गरी नगरपालिका तथा वडा मार्फत बिमा गराई नियमित औषधी सेवन गर्ने नीति आवलम्बन गरिने छ।
- यस नगरपालिका सबै वडाहरुमा प्रजनन उमेरका माहलाहरुलाई प्रजनन अगंको सक्रमणबाट बचाउने उदेश्यले महिला सामुदायिक स्वास्थ्य स्यमं सेविका मार्फत सेनेटरी पैड बितरण गर्ने नीति आवलम्बन गरिने छ।

**नगर** अस्पताल

- अस्पतालमा संचालित बर्थिगं सेन्टर, BEONC Site ( Basic Emergency Obstetrics and Neonatal Care ) संचालनमा आाश्यक औजार उपकरण, औषधी, जनशक्तिको ब्यवस्थापन र पूर्वाधारको सुनिश्चत गरी गुणस्तरीय सेवा संचालनको ब्यवस्था मिलाइने छ।
- CEONC ( Comprehenssive Emegency Obstetrics and Neonatal Care) सेवा संचालनका लागि आाश्यक औजार उपकरण, औषधी, जनशक्तिको ब्यवस्था र पूर्वाधारको ब्यवस्थापन गरी नियमित रुपमा CEONC सेवा संचालनको ब्यवस्था मिलाइने छ।
- अस्पतालमा रहेको बिभिन्न शाखाहरु ल्याब, ईमरजेन्सी, रेडियोलाजी, , फार्मोसी,लगायत नियमित सेवाहरुलाई प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गर्ने उदेश्यले अति आवश्यक औजार उपकरण तथा औषधी, दक्ष जनशक्ति व्यवस्थापन गरी सुद्धिकरण गरिने छ।
- बिमा सेवालाई सुद्धिकरण गरी प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गर्ने सुनिश्चता गरिने छ।
- चन्द्रनिगाहपुर अस्पतालमा निर्माण भएकोले शव गृहमा शव राख्ने Deep Freeze लागि बजेटको ब्यवस्थापन गरिनेछ।
- यस नगरपालिकामा Blood Bank स्थपना **गर्ने भवन निर्माण कार्य अन्तिम चरणमा पुगेकोले** नेपाल रेडक्रस**को समन्वयमा आगामी आ.ब. बाट** Blood Bank **संचालनमा ल्याइने छ ।**

**बिधालय स्वास्थ्य नर्स**

- विधालय नर्सको कार्यलाई प्रभावकारी बनाउन तथा विधार्थीहरुलाई आवश्यक स्वास्थ्य सेवा प्रदान गर्न औजार उपकरण, औषधी, र छुटै कार्य कक्षको ब्यवस्था मिलाईने छ।
- विधालयहरुमा स्वास्थ्य शिक्षा र सरसफाई कार्यलाई प्रभावकारी रुपमा संचालनमा ल्याई फोहरको उचित ब्यवस्थापन गर्ने ब्यवस्था मिलाईने छ।
- विधालय नर्सहरुद्धारा संचालित कार्यहरुलाई School Health Information System मार्फत अभिलेख तथा प्रतिवेदन गर्नुपर्ने भएकोले १।१ थान ल्यापटप। डेस्कटपको ब्यवस्था गराउने निति अबलम्बन गरिने छ।
- स्वास्थ्य संस्थाबाट संचालन हुने खोप केन्द्र र गाँउघर क्लिनिकको लागि आवश्यक औजार, उपकरण तथा फर्निचरको ब्यवस्थापन गरी प्रभाककारी रुपमा संचालन गराउने निति अबलम्बन गरिने छ।
- स्वास्थ्य संस्था संक्रमण रोकथामको लागि क्षमता अभिवृद्धि तथा कलर कोड बाल्टिन र IP Materials सप्लाई गर्ने निति अबलम्बन गरिने छ।
- आ.व. २०८१/८२ लाई स्वास्थ्य सेवा सुद्धिकरण वर्षको रुपमा लिई स्वास्थ्य कार्यक्रमका लागि राष्ट्रिय स्वास्थ्य नीतिको अवलम्वन गरि कुल बजेटको कम्तिमा १० प्रतिशत छुट्याई स्वास्थ्य सेवा प्रदान गर्न

अति आवश्यक कियाकलापहरुको योजना बनाई कार्यन्वयन गर्न प्रभावकारी बजेट बितरण प्रणालीको लागि पहल गरिने छ ।

**शिक्षा सम्वन्धी नीति :**

- सामुदायीक विधयालयहरुका शिक्षकहरुको क्षमता विकास गर्दै आधुनिक शिक्षा प्रणाली प्रति अभ्यस्त बनाउन क्षमता विकास, कार्यसम्पादन, करार सम्झौता, नतिजामा आधारित शैक्षिक क्यालेन्डर र शिकाई एवं अभ्यास आदान प्रदान कार्यक्रम संचालन गरिनेछ । दलित तथा पिछडा वर्गका महिलाको प्राविधिक क्षेत्रको उच्च शिक्षामा पंहुचमा बृद्धिका लागि नगरपालिकाबाट निश्चित प्रतिशत रकम सहयोग गर्ने नीति लिइनेछ ।यस्तो सहयोग आगामी आर्थिक वर्षहरुमा गरिब तथा विपन्न वर्गमा थप विस्तार गर्दै लगिनेछ ।
- **"सक्षम र सिपमूलक जनशक्ति, चन्द्रपुर नगरपालिकाको सम्पत्ति"** भन्ने मूलमार्गलाई आधार मानी शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ। यसको लागि अभिभावक, विद्यार्थी र शिक्षक बीच अन्तरकृयात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ
- सामुदायिक विद्यालयलाई खेल सामग्री व्यवस्थापनका लागि उपलब्ध गराइँदै आएको अनुदानलाई निरन्तरता दिने, नगरवासीको शारीरिक तन्दुरुस्तीका लागि माग र आवश्यकता अनुसार थप खुल्ला व्यायामशाला स्थापना गरी सञ्चालनमा ल्याइने, अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेश स्तरीय खेलमा पदक जित्ने नगरबासी खेलाडीलाई पुरस्कार तथा सम्मान प्रदान लगायतका युवा तथा खेलकुद तर्फका नीति कार्यान्वयन गर्नको लागि बजेट विनियोजन गरिएको छ।
- शिक्षा सेवा प्रवाहमा संलग्न शिक्षक तथा कर्मचारीहरुको लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पूर्ण साक्षर वडा र नगरपालिका अभियान सञ्चालन गरिनेछ ।
- अल्पसंख्यक र विपन्न तथा सिमान्तकृत समुहका बालबालिकाहरुलाई विद्यालयसम्मको पहुँच बढाउन दिवा खाजा, छात्रवृति समेतका आकर्षणयूक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- केन्द्रको दरबन्दी मिलनको मापदण्डलाई आधार लिई दरबन्दी मिलान गरी जहाँ विद्यार्थी त्यहा शिक्षक व्यबस्थापन गर्ने कार्यलाई कार्यन्वयनमा ल्याइनेछ ।

**धर्म, पर्यटन तथा सस्कृति सम्वन्धी नीति :**

- चन्द्रपुर नगर क्षेत्रभित्र जैविक विविधताको प्रचुरताले सुरक्षित र मनोरम, आकर्षित पर्यटकीय गनतव्य बन्ने सम्भावना रहेको छ । धार्मिक धरोहरहरुमा नुन्थर पर्यटकीय स्थल, गोल्मे राजा बौध बिहार , निजान्नद धाम, पौराई ब्रह्म स्थान, कोटीहोम, कृष्ण प्रणामी मन्दिर रहेका छन् । त्यस्ततै चन्द्रपुर झर्ना, शहिद स्मृति पार्क, कलापानी, डावरी, मर्धर सिमसार क्षेत्र जस्ता मनोरम भू दृश्य भएका स्थानहरु समेत छन् धार्मिक एवंम पर्यटकीय सम्पदाको जिर्ने द्वार एवं मर्मत र भू दृश्यमा पर्यटन सेवा प्रवर्दन गर्न, धार्मिक, सास्कृतिक एवंम प्राकृतिक सम्पदाको संरक्षणका लागि गुरु योजना तयार गरिनेछ ।

- नगर क्षेत्र भित्रका ऐतिहाशिक , धार्मिक , सास्कृतिक संम्पदाहरुको पहिचान गरी बैज्ञानिक अभिलेखिकरण गर्दै तिनिहरुको संरक्षण एवं जगेरना गर्ने नीति लिइनेछ ।

- विभिन्न जातजाती, समुदाय , धर्म , संस्कृतिका जात्रा , गुठी , पर्व , मूल्य एवं मान्यताको संवर्दन गर्ने नीति लिइनेछ ।
- थारु संग्रालय निर्माणको लागि श्रोत सुनिस्चित भइ आगामी बर्ष देखि निर्माण कार्य सुरु गरिने छ
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचिन स्मारक, सार्वजनिक तथा सामुदायीक भवन, सार्वजनिक एलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने नीति लिइनेछ ।
- आगामी आर्थिक बर्षमा पर्यटन तथा सस्कृति सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

**महिला, बालबालिका तथा जेष्ठ नागरिक अपाङ्गता सम्वन्धी नीति :**

## महिला तर्फ

- महिलाहरुको निशुल्क स्वास्थ्य शिविर संचालन गरी महिलाहरुको स्वास्थ्यमा पहुच पुर्याउन सहयोगलाई निरन्तरता दिईनेछ ।
- चन्द्रपुर नगरपालिका भित्र रहेका उद्यमी महिलाहरुको पहिचान गरी उत्कृष्ट महिला उद्यमीलाई पुरस्कृत गरिनेछ।
- एसिड आक्रमण, घरेलु हिशां तथा लैङ्गिक हिशां निराकरण गर्नको लागि लैङ्गिक हिशां विरुद्धको १६ दिने अभियान सगैँ महिला–पुरुष (श्रीमान/श्रीमती लाई) समविकास कार्यक्रम प्रत्येक वडामा संचालन गरिने छ।
- विद्यालय वाहिर रहेका किशोरीहरुलाई समुहमा आवद्ध गराई जिवन उपयोगी सिप विकास तथा क्षमता विकास रुपान्तरण कार्यक्रम संचालन गरिने छ।
- वडाका महिला जनप्रतिनिधिहरुलाई संबिधानमा भएका हक अधिकार साथै मुलुकी ऐन र फौजदारी ऐनमा भएका व्यवस्थाहरु सम्वन्धी सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ।
- खुल्ला सिमानाका कारण महिला तथा किशोरीहरुलाई मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि सचेतना अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।
- लैङ्गिक हिंसाबाट पिडित महिला तथा किशोरी हरुका लागि नगरपालिकामा हेल्प डेक्सको स्थापना र उद्धार तथा व्यवस्थापन गर्नको लागि नगरपालिकामा पूर्नस्थापना केन्द्र निमार्ण गरी लैङ्गिक हिसां निवारण कोषको लागि रकम विनियोजिन गरेको छु ।
- नगरपालिकामा रहेका अति विपन्न र पारिवारिक रुपबाट टाढा भएका एकल महिलाहरुको पहिचान गरी सिपमुलक कार्यलाई जोड दिदै उनीहरुलाई आत्मनिर्भर बनाउन सहयोग गरीनेछ।
- आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडी पारिएका महिलाहरुलाई विशेष प्राथमिकता दिदै आर्थिक शसक्तिकरण र सामाजिक रुपान्तरण गर्न जोडदिइने छ।

## बालबालिका तर्फ

- चन्द्रपुर नगरपालिका नगर कार्यपालिका भित्र रहेका माध्यामीक विद्यालय, आधारभुत विद्यालय, सहकारी संस्थामा आवद्ध वालवालिकालाई समेटेर बाल क्लव गठन तथा दर्ता प्रक्रिया साथै गठन भएका बालक्लवहरुलाई सक्रिय बनाई, वडा स्तरीय बालसञ्जाल, संस्था स्तरीय र नगर स्तरीय बालसञ्जाल गठन प्रक्रियालाई निरन्तरता दिईनेछ।
- बालक्वहरुलाई सक्रिय बनाउन क्षमता विकास कार्यक्रममा का साथै वाल हेल्पलाईनको व्यवस्था गरिने छ।
- नगरपालिकामा बालकोषलाई बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न सघं सस्थाहरुसंग समन्वय गरि अझ बलियो बनाईने छ।
- बालश्रमिक बालबालिकाको पहिचान गरी बालश्रम मुक्त पालिका घोषणा गर्न अनुगमन कार्यक्रम कार्यन्वयनमा जोड दिदै बालश्रमिक बालबालिकाहरुलाई संरक्षण र घरपरिवारमा पुर्नमिलन गराउने कार्यलाई जोड दिईने छ।

- बालबालिकाको अन्तरनिहित क्षमताको पहिचान गरी, हिसां शोषण,दुव्र्यवहार, दुरव्यसनिमा परेका व्यक्तिलाई उत्प्रेरणा वढाउन विभिन्न शिर्षकमा बादविबाद, वक्तृत्व कला तथा निवन्ध लेखन प्रतियोगितात्मक कार्यक्रम संचालन गरिने छ।
- विद्यालयहरुमा गुनासो पेटीकाको व्यवस्थापन साथै गुनासो सुनुवाई सक्रिय बनाई बालबालिकाहरुलाई गुनासो पेटिकाकको प्रयोगमा हौसला प्रदान गरिनेछ। सो कार्यान्वयनका लागि बालक्लवलाई सक्रिय वनाईनेछ।
- बालविवाह मुक्त वडाहरुमा अनुगमनलाई निरन्तरता दिदै बाँकी वडाहरुमा बालविवाह मुक्त बनाउने कार्यक्रमलाई सक्रियरुपमा संचालन गरिनेछ।
- नगरपालिकालाई पुर्ण बालमैत्री नगर अभियान संचालन गरिनेछ।
- बालअधिकारको संरक्षणका लागि विभिन्न सन्देश मुलक पर्चा पम्पेट सन्देश मुलक पत्रहरु छपाइ वितरण तथा सुचना प्रशारणलाई जोड दिईनेछ।
- नगरका योजना तथा भवन निर्माणका कार्यहरुमा अनिवार्य बालमैत्रि संरचना बनाउन योजाना शाखा, ठेकदार तथा उपभोक्ता समितिलाई जिम्मेवार बनाईनेछ।
- बालबालिकाहरुलाई मानशिक स्वाथ्यमा निरन्तर दिई सिकाई उत्प्रेरणामा जोड दिईने छ।
- नगर स्तरिय बाल अधिकार समिति र वडा स्तरीय बाल अधिकार समितिलाई बलियो बनाउदै बालसंरक्षण सवाललाई मजबुद बनाउदै बालमैत्री नगर वनाउनमा जोड दिईनेछ।

**जेष्ठनागरीक तर्फ**

- नगरपालिका भित्र रहेका अति विपन्न घर परिवारका ७५ वर्ष माथिका नागरिकहरुको स्वास्थ्यमा सुधार ल्याउन स्वास्थ्य शिविर कार्यक्रम संचालन गरिनेछ।
- संस्कार र संस्कृतिबाट सिर्जित अवलम्वन योग्य व्यवहार, नैतिकता तथा सिप विकासको लागि (जेष्ठ नागरिक सिप अनुभब) चन्द्रपुर नगरपालिका भित्रका मा.वि.हरुमा अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम निरन्तरता दिइनेछ।
- जेष्ठ नागरीकहरुलाई धार्मिक भ्रमण गराईने छ ।
- परिवारमा जेष्ठ सदस्य प्रति परिवार र अन्य सदस्यको जिम्मेवारी तथा दायित्व सुनिश्चत गर्न परिवारका सदस्यहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।
- पारिवारिक आर्थिक कानुनी संरक्षणको माध्यामबाट जेष्ठ नागरीकको संरक्षण र प्रर्वद्धन गरिनेछ।

**<u>अपाङ्गता तर्फ</u>**

- अपाङ्गता भएका व्यक्तिहरुको अभिभावकलाई सचेतनामुलक तालिम कार्यक्रम संचालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी फरक फरक प्रकारका सिपमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको विशेष आवश्यकतालाई दृष्टिगत गरी सार्वजनिक स्थल तथा संरचनाहरु अपाङ्गमैत्री बनाउन विशेष पहल गरिनेछ ।

- अपाङ्गता भएका व्याक्तिहरुको पहिचान गरी आवश्यकता अनुसारका सहायक सामाग्रीहरु वितरण गरिनेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय अपाङ्गता दिवशलाई निरन्तरता दिईनेछ ।
- अपाङ्गताहरुको सम्मानको लागि सम्मानजनक शव्दहरुको पम्पलेट वनाई आम जनमानसमा वितरण गरिनेछ ।
- सुनाइ तथा बोलाई सम्वन्धी अपाङ्गता भएका व्यक्तिहरुलाई सांकेतिक भाषा कक्षा संचालन गरि सांकेतीक भाषा सञ्चारमा सहजता ल्याइनेछ । अपाङ्गता सम्वन्धी ऐनमा भएका व्यवस्थालाई कार्यान्वयनमा ल्याउन सरोकारवालाहरु संग छलफल गरिनेछ ।
- शारिरिक अपाङगता भएका बालबालिकाहरुको शिविर मार्फत उपचार तथा उपकरण कार्यक्रम लागु गरिनेछ ।
- विद्यालयका बालबालिकाहरुको अपाङगता प्रारम्भिक पहिचान कार्यक्रम संचालन गरी निरन्तर सिकाईमा जोड दिईनेछ ।

**सामाजिक सुरक्षा तर्फ**

- नगरपालिका भित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्रहीहरुको नवीकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य गरिने भएकोले सोको लागि १० वटैमा वडामा घुम्ती शिविर संचालन गरिनेछ ।-
- सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन (Online VERSP-MIS System) सम्बन्धी १० वटै वडाका वडा सचिव लगायत वडा सहायकहरुलाई तालिम संचालन गरिनेछ
- ९० बर्ष माथिका जेष्ठ नागरिक र पूर्ण अपांगता भएका लाभग्राहीलाई घरमा गइ सामाजिक सुरक्षा रकम वितरण गर्न बैंक संग सहकार्य गरिनेछ

<u>वन तथा वातावरण र विपद् व्यवस्थापन सम्वन्धी नीति</u> :

- चन्द्रपुर नगरपालिका क्षेत्रभित्रको नदीजन्य पदार्थहरुको उत्खन्न हुने क्षेत्र नजिकका बस्ती तथा समुदायहरुको संरक्षण तथा विकास गर्न, नदी कटान नियन्त्रण गर्न र वातावरण अनुकुलनमा सुधार गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । यसको लागि नदीजन्य पदार्थहरुको बिक्रीबाट प्राप्त रकम मध्येबाट निश्चित रकम बिनियोजन गर्ने व्यवस्था मिलाएको छु ।
- विपद् सामग्री खरीद, उचित भण्डारण, जनशक्ति परिचालन, जोखिम न्यूनीकरण कार्यक्रम सन्चालन, राहत वितरण, पुनर्स्थापना जस्ता कार्यहरु गर्न एकमुष्ठ रु ५५ लाख तथा विपद तथा प्रकोप व्यवस्थापन कोषमा रु २० लाख बजेट थप गरिएको छ।
- नगरक्षेत्रको सरसफाई गर्ने कार्यमा नगरक्षेत्रमा रहेका सबै निकाय, सरोकारबाला संस्थाहरु, सञ्चार क्षेत्र, टोल तथा बस्ती हुँदै सम्पूर्ण नगरवासीहरुको साथ लिएर सुधारका कार्यहरु अगाडि वढाइनेछ ।
- चन्द्रपुर नगरलाई सफा र स्वच्छता कायम गर्न जलवायु अनुकुलनका लागि Green City को अवधारणा अगाडि बढाइनेछ । यसका लागि नगर क्षेत्रभित्र रहेका सामुदायिक वन, धार्मिक वन, साझेदारी तथा निजी वन समेतका सरोकारवालाहरुसँग समन्वय गरी वन क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्ने नीति लिइनेछ ।
- नगर क्षेत्रभित्र एक घर एक विरुवा वृक्षारोपणको नीतिलाई अगाडि सारिनेछ ।

- दैविक प्रकोपमा परी विपदमा परेका घर परिवारलाई वडा कार्यालयबाट तत्काल राहतको ब्यबस्थापन गर्न आवश्यक रकम विनियोजन गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- सम्पूर्ण वडामा सरसफाई, वातावरण तथा वन संरक्षण सम्बन्धि चेतनामुलक कार्यक्रमहरु अगाडी बढाउने नीति लिइनेछ।
- आगामी आर्थिक बर्षमा वन वातावरण र विपद् व्यवस्थापन सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।
- यस नगरपालिकालाइ वाताबरण मात्री स्थानीय शासन घोसणा गर्न वडा नं ९ बाट सुरु गरिने छ सोको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

<u>संस्थागत क्षमता विकास र सुदृढिकरण सम्वन्धी नीति</u> :

- जनप्रतिनिधि र कर्मचारीहरूको लागि आवश्यकता र औचित्यको आधारमा क्षमता विकास तथा पुनर्ताजगी तालिम संचालन, सार्वजनिक सुनुवाइ र सामाजिक लेखापरीक्षण कार्यक्रम सञ्चालनमा ल्याउने लगायतका नीति कार्यान्वयन गर्नको लागि बजेट विनियोजन गरिएको छ।
- नगरपालिका जनप्रतिनिधिहरु सबैलाई लक्षित गरी क्षमता विकासका लागि कम्तिमा वर्षको एक पटक तालिम एवंम अध्ययन भ्रमणको प्रवन्ध मिलाइनेछ ।
- विकास निर्माण कार्यको गुणस्तर तथा स्थानीय बासीको स्वामित्व बोध गराउन विकास निर्माण तथा तथा सामाजिक परिचालन गर्न टोल सुधार समिति दर्ता गरि विकास निर्माण कार्य संचालन गर्ने वडालाई थप १० लाख उपलब्ध गराइने छ ।
- आगामी आर्थिक बर्षमा क्षमता विकास योजना निर्माणको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।
- जी. आइ. एस मा आधारित डिजिटल प्रोफाइल एवम् मेट्रिक प्रणाली तयार गरी घर नम्बर प्लेट जडान गर्ने, कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ।
- विद्युतिय हाजिरीलाइ केन्द्रीकृत गर्ने, नगरमा अनलाइन राजस्व प्रणाली, अनलाइन पेमेन्ट, अनलाइन नक्सा प्रणाली, अनलाइन गुनासो ब्यवस्थापन, अनलाइन पञ्जीकरण, डिजिटल नागरिक बडापत्र, अनलाइन खरीद प्रणाली एवम् डिजिटल योजना प्रणाली, बायोमेट्रिक हाजिरी लगायतको कार्यक्रम कार्यान्वयन गर्न रकम विनियोजन गरिएको छ

<u>न्यायीक सम्बन्धी नीति</u> :-

- असहाय र अन्यायमा परेका व्यक्ति तथा समुदायलाई निःशुल्क कानूनी परामर्शलाई थप प्रभावकारी बनाई निजहरुलाई माथिल्लो तथा अन्य न्यायिक निकायसम्म पहुँच तथा न्याय प्राप्तिको लागी आवश्यक आर्थिक सहायता प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।
- बडास्तरमा कानूनी परामर्श घुम्ती सेवा सञ्चालनमा ल्याईनेछ। सबै वडा कार्यालयहरुमा बिबाद समाधानका लागि मेलमिलापकर्ताहरुलाई पूर्नताजकि तालिम प्रदान गरी मेलमिलापको केन्द्रलाई जिम्वारी बनाईनेछ।
- न्यायिक समितिको क्षमता तथा प्रभावकारिताको अभिवृद्धि गर्न जनप्रतिनिधि र कर्मचारीलाई कानून निर्माण तथा न्यायिक कार्य सम्पादन सम्बन्धी आवश्यक तालिमको व्यबस्था गरिनेछ। बडा तथा बस्तीस्तरमा कानुनी साक्षरता तथा न्यायिक सचेतिकरण सम्बन्धि कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

- प्रचलित कानून, कानूनी व्यवस्थाहरुको कार्यान्वयन र अभिलेखिकरणका लागी कानून शाखालाई सुद्धढिकरण गरी व्यवस्थित रुपमा सञ्चालनमा ल्याईनेछ।

**विधायन समिति तर्फ**

- नगरपालिकाको नीति योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गरी जारी गरिनेछ।
- सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ।
- मानब अधिकार, स्थानीय कार्ययोजनाको कार्यान्वयनको लागि प्रभाबकारी रुपमा कार्वान्वयन गर्न संस्थागत प्रबन्ध मिलाइनेछ।
- नगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानुनहरुको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरि कानुनहरुको सङ्ग्रह प्रकाशन गर्ने व्यवस्था गरिने छ
- संविधान तथा कानुन बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयन गर्न नयाँ कानुनी प्रवन्धहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- स्थानीय तहको न्याय सम्पादनको अनुभव आदानप्रदान गर्न नगरपालिकाको आयोजनामा न्यायिक समिति सम्मेलन आयोजना गरिनेछ।
- कानूनी परामर्शलाई वडास्तरसम्म विस्तार गर्न आवश्कताका आधारमा कानुनी परामर्श सेवा प्रदायक संस्थासं प्रतिष्पर्धाको माध्यमबाट सेवा खरीद गरी जनताको कानुनी सेवामा सहजीकरण गरिनेछ।

**आन्तरिक आय व्यवस्थापन :**

- चन्द्रपुर नगरपालिका क्षेत्र भित्रका सबै करदाताको एकीकृत तथ्याङ्क संकलन गरी डाटा बैंक तयार गर्ने, करदातालाई कर शिक्षा प्रदान, करका क्षेत्रहरूको पहिचान गरी संकलन गर्ने कार्यमा जनप्रतिनिधि परिचालन, नगरपालिकाको आन्तरिक राजस्वलाई डिजिटल प्रणालीमा आबद्ध गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि बजेट विनियोजन गरिएको छ।
- नगरपालिकाको भरपर्दो आम्दानीको श्रोत आन्तरिक राजश्व नै हो । आन्तरिक राजश्वको ठूलो हिस्सा ओगट्ने नदीहरुको ढुँगा, गिट्टी, वालुवाको उत्खनन्, संकलन, आन्तरिक विक्री र निकासीका सन्दर्भमा संघ र प्रदेश सरकारवाट प्राप्त निर्देशनहरु तथा बिध्यमान ऐन कानून वमोजिमका वातावरणीय प्रभावका प्रावधानहरुलाई कार्यान्वयन गर्दै लगिनेछ,
- सम्पत्ति कर प्रणालीलाई थप ब्यबस्थित गरिनेछ, यस आ.व. को बक्यौता रकम आगामी आ.व. २०८१/०८२ को प्रथम चौमासिकमा बुझाएमा जरिवाना छूट गरिने ब्यबस्था मिलाएको छ ।
- नगरपालिकाको सिमित श्रोतलाई ध्यानमा राखी आन्तरिक आय र राजश्वलाई वढाउन राजश्वका थप श्रोतहरु अध्ययन र पहिचान गरी आन्तरिक आय वृद्दि गर्दै जाने नीति लिईनेछ, राजश्व परिचालनको लागि चुस्त र दुरुस्त किसिमको व्यवस्थापन प्रणाली अवलम्वन गरिनेछ |
- राजश्व संकलन र वातावरणीय पक्षलाई समन्वयात्मक ढंगले अघि वढाउँदै प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदनका प्रावधानहरुलाई समन्वय गर्दै वातावरणमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न गत विगतका नगर सभाहरुवाट भएका निर्णयहरु तथा नीतिहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्दै जाने नीति लिइनेछ,
- कार्यालयको कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमन, प्रोत्साहन र व्यवस्थापन सम्वन्धी पद्धतिको विकास गरिनेछ साथै गत विगतको बक्यौता असुली गर्न अभियान संचालन गरिनेछ आगामी आ.ब.को प्रथम चौमासिक भित्र बक्यौता रकम बुझाएमा जरिजना छुट गर्ने नीति लिइएको छ ।

***श्रद्धेय*** **सभाध्यक्षज्यू,**

मैले आगामी आर्थिक वर्षको नगरपालिकाको प्रस्तावित नीति तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गरें, प्रस्तुत नीति तथा कार्यक्रम र वजेट तयारीको क्रममा व्यवस्थापिका-संसद र प्रदेश सभाका माननीय सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, नागरिक समाजको सुझाव र मार्गदर्शनलाई अमूल्य निधिको रुपमा स्वीकार गरी वस्ती, वडा समिति, नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, गै.स.स.एवं सरोकारवालाहरुबाट प्राप्त परामर्शहरुलाई नगरपालिकाको उपलव्ध श्रोतले अनुमति दिएको अधिकतम सिमामा रहि समेट्ने प्रयास गरिएको व्यहोरा यहाँहरु समक्ष सविनय अनुरोध गर्दछु । यस सम्वन्धी विस्तृत नीति तथा कार्यक्रम र वजेटको विवरण चन्द्रपुर नगरपालिका विकास योजना पुस्तिकामा प्रकासित गरिने व्यहोरा यस सम्मानित नगर सभालाई  जानकारी गराउँछु ।

**आदरणीय सभाध्यक्षज्यू,**

अव म चन्द्रपुर नगरपालिकाको आगामी आर्थिक वर्षको लागि प्रस्तावित राजश्व र व्ययको अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि नगरपालिकाको कूल वजेट मध्ये अधिकांश वजेट संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने अनुदान नै हो ।यस वजेटमा नगरपालिकाको आफ्नो आन्तरिक आय राजश्व पनि समावेश गरेको छु । नगरपालिकाको आन्तरिक आम्दानीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम नगरपालिकाले लगाउन र संकलन गर्न पाउने कर, दस्तुर, शुल्क समेतका आधारहरु उपलव्ध भए वमोजिम गत आर्थिक वर्षमा स्वीकृत गरी निर्धारण गरिएको कर, दस्तुर, शुल्कका दर तथा क्षेत्रहरुलाई केहि संशोधन गरि आगामी आर्थिक वर्षको लागि वजेट प्रस्ताव गरेको छु ।

१, नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि तपसिल बमोजिमको जम्मा रकम रु. १ अर्ब ८ करोड १०  लाख  ४१ हजार मात्रको अनुमानित आय विवरण प्रस्ताव गरेको छु ,

- क. आ.व. २०८१ /०८२ को संचित रकम रु. १० करोड
- ख. आन्तरिक आय तर्फ रु, १४ करोड १७ लाख २० हजार रुपैयाँ मात्र
- ग. मालपोत रजिस्ट्रेसन तर्फ ५करोड मात्र
- घ. संघ बाट प्राप्त हुने राजश्व बाँडफाँड रु. १६ करोड ३२ लाख  मात्र
- ङ. संघ बाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. १७ करोड ७४ लाख मात्र
- च. संघ बाट प्राप्त हुने सशर्त अनुदान चालु तर्फ  रु. ३९ करोड ८१ लाख ७२ हजार ५ सय मात्र
- छ. प्रदेश बाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. १ करोड ४४ लाख १० हजार मात्र
- ज. प्रदेश बाट प्राप्त हुने सवारी कर रु. १ करोड ७२ लाख ७० हजार मात्र
- झ. प्रदेश बाट प्राप्त हुने सशर्त अनुदान रु. २० लाख मात्र
- ञ. प्रदेश बाट प्राप्त हुने विशेष अनुदान रु. ३० लाख मात्र
- ट. प्रदेश बाट प्राप्त हुने समपुरक अनुदान रु. २० लाख मात्र
- ठ. युनिसेफ को रु. २५ लाख मात्र
- ड. गैर सरकारी सस्था तर्फ १ करोड ५६ लाख

साथै आगामी आ.व. २०८१/०८२ मा चालु तर्फ रु ७० करोड १५ लाख (६४ प्रतिशत ) र पूँजिगत तर्फ रु. ३७ करोड ९५ लाख (३६ प्रतिशत) गरी जम्मा रु. १ अरव ८ करोड १० लाख व्यय हुने अनुमान पेश गरेको छु,

२, आगामी आर्थिक वर्ष २०८१/०८२ को प्रस्तावित आय-व्ययको विवरण अनुसूचीमा समावेश गरेको छु, नीति, योजना तथा कार्यक्रमगत वजेट वाँडफाँडको विस्तृत विवरण चन्द्रपुर नगरपालिकाको वार्षिक नगर विकास योजना पुस्तिकामा प्रकासित गरिने व्यहोरा निवेदन गर्दछु ।

**आदरणीय सभाध्यक्षज्यू र सदस्यज्यूहरु,**

प्रस्तावित वजेट, योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत/नीतिगत/कार्यविधिगत सुधारका कार्यहरु गर्ने साथै आवश्यकतानुसार सरकारी, सहकारी क्षेत्र, गै.स.स. क्षेत्र, निजीक्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र र स्थानीय उपभोक्ताहरु समेतको संयुक्त सहभागितात्मक सूचकमा आधारित अनुगमन एवं मूल्यांकनको व्यवस्था मिलाईनेछ र यसवाट वजेटको कार्यान्वयनको सुनिश्चितता एवं पारदर्शिता र उत्तरदायित्वको थप प्रवर्द्दन हुने विश्वास लिएको छु । प्रस्तुत नीति, कार्यक्रम तथा वजेटको कार्यान्वयनवाट नगरपालिकाको समग्र सामाजिक, आर्थिक, भौतिक, वातावरणीय, न्यायोचित र समतायुक्त दिगो विकासमा योगदान गर्न कोशेढुङा हुने विश्वास लिएको छु ।

**अन्त्यमा,**

प्रस्तुत वजेटको कार्यान्वयनमा सवै सरोकारवाला पक्षहरुलाई निरन्तर सहयोग, समर्थन र सहकार्यका लागि सकृय भई दिनुहुन निवेदन गर्दछु । नगरको वजेट तथा कार्यक्रम तर्जुमाका क्रममा सहभागितामूलक योजना तर्जुमा प्रकृयाका सवै चरणहरुमा सहभागि हुनुहुने सवैमा हार्दिक आभार व्यक्त गर्दछु । साथै यस कार्यलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्वद्द सवै पक्षवाट सदा झैं निरन्तर सहयोग र सुझावको अपेक्षा गर्दै प्रस्तुत वार्षिक नगर विकास योजना तर्जुमा कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पुर्याउनु हुने व्यवस्थापिका-संसद र मधेस प्रदेश सभाका माननीय सदस्यज्यूहरु, नगर कार्यपालिका तथा नगर सभाका सदस्यज्यूहरु, नगरमा क्रियाशिल राजनैतिक दल, सहकारी तथा निजी क्षेत्र, आम नागरिक, विषयगत समितिहरु, विभिन्न संघसंस्थाहरु, दातृ निकाय, गै.स.स., संचारकर्मी, लक्षित वर्ग, नागरिक समाज एवं नगर कार्यपालिकाको कार्यालका प्रमुख प्रशासकीय अधिकृतज्यू लगाएत कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुप्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु । साथै चन्द्रपुर नगरपालिकाको यस गरिमामय तेहौं नगर सभामा उपस्थित सवै विशिष्ट महानुभावहरुप्रति आदर र सम्मान सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

*धन्यवाद !*

**जयमाला चौधरी**
नगर उपप्रमुख
चन्द्रपुर नगरपालिका, रौतहट